Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फोन नं ०६६-५२०२०४

प.नं. ०८१/८२
च.नं

मितिः २०८२।०३।३१

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना।

प्रस्तुत विषयमा **सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा (४)** अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउनुपर्ने व्यवस्था रहेकाले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई २०८२ भाद्र मसान्त भित्र अनिवार्य रुपमा नविकरण गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। बालबालिका, पूर्ण अपाङ्गता भएका र ९० वर्ष माथिका व्यक्तिको हकमा निजका आमा, बुबा, संरक्षक/माथवर उपस्थित भई नविकरण गराउन सकिनेछ।

**नविकरणका लागि आवश्यक कागजातहरुः**

- राष्ट्रिय परिचयपत्र नं अनिवार्य रुपमा पेश गर्नुपर्नेछ,
- नागरिकता प्रमाणपत्रको फोटोकपि, अटो साइजको १ प्रति फोटो,
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको फोटोकपि र अर्को विवाह नगरेको सिफारिस,
- सम्बन्धविच्छेद गरी अर्को विवाह नगरेका ६० वर्ष माथिका महिलाको हकमा सम्बन्धविच्छेद दर्ता प्रमाणपत्रको फोटोकपि र अर्को विवाह नगरेको वडाको सिफारिस,
- ६० वर्ष माथिका अविवाहित महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस,
- अपाङ्गताको हकमा अपाङ्गता कार्डको फोटोकपि र संरक्षकको नागरिकताको फोटोकपि,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको फोटोकपि र संरक्षकको नागरिकता प्रमाणपत्रको फोटोकपि।

**नोटः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ६ बमोजिम म्याद भित्र नविकरण नभएमा लाभग्राहीको स्वत लगतकट्टा हुने र भत्ता प्राप्त हुनेछैन। साथै लगतकट्टा भएका व्यक्तिले पुन नयाँ दर्ता गर्नुपर्ने छ।**

**तोकिएको समयमा नविकरण नगराएमा कार्यालय जवाफदेही हुने छैन।**
**नविकरण मितिः २०८२।०४।०१ देखी २०८२।०५।३१ गते सम्म।**

**बोधार्थः**
श्री वडा कार्यालय सबै,
बेसीशहर नगरपालिका।

.............................
चेतनाथ अर्याल
प्रमुख प्रशासकिय अधिकृत

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(सामाजिक सुरक्षा शाखा)

फोन : ४४११५६१, ४४६४६८६, ४४६२०५६, ४२००८९५
फ्याक्स : ४२०००१४
सिंहदरबार, काठमाडौं
Website : www.donidcr.gov.np
E-mail : info@donidcr.gov.np
vital@donidcr.gov.np

पत्र संख्या : २०८०/०८१
चलानी नं. : ३३९

मिति: २०८२/०३/३०
ने.सं. ११४५

बिषय: सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्बन्धमा।

श्री स्थानीय तह सबै ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) तथा समाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) बमोजिम सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको भदौ मसान्तभित्र (श्रावण एक गते देखि ऐ. भाद्र मसान्त सम्म दुई महिना) सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ ।सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण गर्दा देहाय अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

देहाय:

क. राष्ट्रिय परिचयपत्र वा परिचय नम्बर प्राप्त गरेका लाभग्राहीको हकमा अनिवार्य NIN, Fingerprint scanner वा Iris डिभाईस मार्फत Verification गरी सम्बन्धित वडा कार्यालयबाट नवीकरण गरिदिने ।यदि कुनै कारणले Biometric Verification हुन नसकेमा अन्य विकल्प जस्तै Alpha Authentication (NID मा उल्लेख भएको वैयक्तिक विवरण तथा Photo) बाट Verification गरी नवीकरण तथा सूचीकरण गरिदिने ।

ख. नयाँ लाभग्राहीको रुपमा सूचीकरण हुन वा नवीकरणका लागि लाभग्राहीले NIN उपलब्ध गराएको तर कुनै पनि माध्यमबाट NIN Verification हुन नसकेमा प्रणालीमा सोही कुरा कैफियत जनाई सूचीकरण तथा नवीकरण गरिदिने ।

ग. बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए तापनि लाभग्राहीको रुपमा सूचीकरण वा नवीकरण गरिदिने ।

घ. म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राहीमा सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोही बमोजिम गरिदिने ।

ङ. आर्थिक वर्ष ०८२/८३ को बजेट वक्तव्यको बुँदा नं ३७५ मा आगामी आर्थिक वर्षदेखि (२०८२ साल श्रावण १ गते देखि) ७० वर्ष पूरा भएका नागरिकले जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था उल्लेख भएको हुँदा सोही बमोजिम जेष्ठ नागरिक अन्तर्गत नयाँ लाभग्राही सूचीकरण गर्ने । हाल **प्राप्त गरीरहेका, दुर्गम क्षेत्र र लक्षित वर्गका जेष्ठ नागरिकका** हकमा भत्ता पाउने उमेर यथावत रहेकोले सोही बमोजिम नवीकरण गरिदिने ।

(सानुबाबु अधिकारी)
निर्देशक

Scanned with CamScanner